सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २३२ ♦ २०८३ साल वैशाख १५ मंगलवार ♦ 28 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## मधेसका मुख्यमन्त्री र वनमन्त्रीको मौनताप्रति हस्तक्षेपको माग गर्दै कांग्रेस सभापति गगन थापालाई खुला पत्र

**खबर दर्पण समाचारदाता**

**वैशाख १४ गते, बर्दिवास**

चुरे तथा वनजङ्गल संरक्षण अभियानले रौतहट डिभिजन वन कार्यालयमा भइरहेको अनियमितताप्रति मधेस प्रदेशका मुख्यमन्त्री र वनमन्त्रीले देखाएको मौनताप्रति हस्तक्षेप गर्न भन्दै नेपाली कांग्रेसका सभापति गगन थापालाई खुला पत्र सार्वजनिक गरेको छ।




अभियानका अध्यक्ष सुनिल कुमार यादवले नेपाली कांग्रेसका सभापति गगनकुमार थापालाई सम्बोधन गर्दै सार्वजनिक गरेको खुला पत्रमा मधेस प्रदेश सरकारको भूमिकामाथि प्रश्न उठाइएको छ । पत्रमा मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादव र वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरीले उक्त प्रकरणमा मौनता अपनाएको आरोप लगाइएको छ। मधेसका मुख्यमन्त्री र वनमन्त्री दुवै नेपाली कांग्रेसका रहेकाले हस्तक्षेपकारी भूमिका निर्वाहका लागि कांग्रेस सभापति थापालाई खुला पत्र पठाएको अभियानका अध्यक्ष यादवले जानकारी दिए।

खुला पत्रमा डीएफओ हेमन्त साहले यसअघि महोत्तरीमा कार्यरत रहँदा समेत सरकारी वनलाई निजी स्वार्थमा प्रयोग गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरेको र मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको उल्लेख गरिएको छ।

अहिले रौतहटमा सरुवा भई आएपछि पुनः वन क्षेत्रको दोहन र अनियमिततामा साहको भूमिका देखिएको दाबी खुला पत्रमा गरिएको छ। पत्रमा काठ आपूर्ति प्रक्रियामा अनियमितता, गोप्य रूपमा मिलहरूसँग मिलेमतो गरी कम दरमा काठ लिलाम गरी कमिसन लिएको, सामुदायिक वनको बजेट दुरुपयोग गरेको, अवैध रूपमा रुख कटान गराएको, प्रमाण नष्ट गर्न आगजनी गराएको जस्ता गम्भीर आरोप उल्लेख छन् । त्यसैगरी, नुनथर क्षेत्रमा नियमविपरीत संरचना निर्माणमा आर्थिक लाभ लिएको, सामुदायिक वनमा काठ तस्करी गराएको, वन क्षेत्रहरूमा व्यापक अवैध कटानी गराएको र सरुवा प्रक्रियामा समेत अनियमितता गरेको आरोप पनि लगाइएको छ।

अभियानले वन मन्त्रालय स्वयं पनि शङ्काको घेरामा परेको उल्लेख गर्दै तत्काल स्थलगत अनुगमन, अडिट रिपोर्ट परीक्षण, बैंक स्टेटमेन्ट जाँच तथा संलग्न कर्मचारीहरूमाथि कारबाही गर्न माग गरेको छ।

यादवले डीएफओ साहलाई तत्काल प्रदेशमा झिकाएर उच्चस्तरीय छानबिन गर्नुपर्ने, अन्यथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा जाने चेतावनी दिएका छन्।

चुरे क्षेत्रमा भइरहेको ढुंगा-गिट्टी उत्खनन र क्रसर सञ्चालनबाट भइरहेको दोहनमा पनि राजनीतिक संरक्षण रहेको संकेत गर्दै यादवले यसतर्फ सरकारको ध्यानाकर्षण गराएका छन्।

अभियानले तत्काल छानबिन र कारबाही प्रक्रिया अघि नबढेमा भ्रष्टाचारविरुद्ध थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएको छ।

## कमला नदीको अस्थायी बाँध बाढीले बगाउँदा आवतजावतमा समस्या

**खबर दर्पण समाचारदाता**

**वैशाख १४ गते, बर्दिवास**

सिरहा र धनुषा जिल्ला जोड्ने निर्माणाधीन कमला नदीमा बनाइएको अस्थायी बाँध गएराति बाढीले बगाउँदा आवतजावतमा समस्या भएको छ ।

पुलको 'डाइभर्सन' भन्दा करिब ३०० मिटर अगाडि बनाइएको माटोको बाँध बगाएपछि सवारी सञ्चालन अवरुद्ध भएको छ। स्थानीय रामचन्द्र यादवका अनुसार बाँध भत्किएपछि सयौं सवारीसाधन बीचमै अलपत्र परेका थिए । पछि स्थानीयवासीको सहयोगमा ती सवारीसाधन तारिएको थियो । सिरहाका सहायक प्रमुख जिल्ला

*बाँकी पृष्ठ ३ मा*



शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# Gen z फोकस्ड नीति र मधेश प्रदेशमा जलाधार व्यवस्थापन कार्यक्रम



बेचन कुमार महतो

## परिचय

दिगो वातावरणीय सुशासनको लागि नेपालमा जलाधार व्यवस्थापन एक महत्वपुर्ण आयाम हो । विशेष गरी पछिल्लो समयमा कटान-पटान-डुवान, बाढी, खडेरी, भू-क्ष्य र पानीको अभाव जस्ता जलाधारीय प्रकोपहरु मधेश प्रदेशको परिचायक भएको छ । जलाधार क्षेत्र (Watershed) भन्नाले वर्षा वा हिउँको पानी जम्मा भई एउटै नदी (Ingle Drain), खोला, ताल वा खहरे मार्फत वगेर जाने सम्पुर्ण क्षेत्रलाई बुझाउँछ । यो एक प्राकृतिक पानीढलो (Water Divide) भएको जमिनको खण्ड हो, जसमा माथिल्लो र तल्लो तटीय क्षेत्रमा रहेका वन, कृषि, पानी र जनजीवन आपसमा अन्तर सम्वन्धित हुन्छन् । प्रभावकारी जलाधार व्यवस्थापनले जिविकोपार्जनलाई टेवा दिदै माटो, पानी र वनस्पतिको संरक्षण तथा व्यवस्थापन सुनिश्चित गर्छ । वातावरणीय दिगोपना (Environmental Sustainalbliity) को लागि हाल Gen z को भुमिकालाई महत्वका साथ हेर्ने गरिएको छ । सन् १९९० को दशकको अन्त्य र २०१० को दशकको शुरुमा जन्मेका व्यक्तिहरुलाई न्मल श् भन्ने गरिन्छ। जनसंख्याको ठुलो हिस्सा युवा पुस्ता रहेको मधेश प्रदेशको दिगो विकासमा युवाहरुको उल्लेख्य सहभागिता, नवप्रवर्तन (Innovation) र दिर्घकालीन दिगोपना (Long Term Sustainabliity) लाई प्रवर्द्धन गर्नको लागि प्रदेश सरकारले न्मल श् फोकस कार्यक्रमहरुलाई अगामी आर्थिक वर्षहरुको नीति तथा कार्यक्रममा विस्तारै एकिकृत गर्दै लग्नु पर्ने देखिन्छ ।

## मधेश प्रदेशमा जलाधार व्यवस्थापनको नीतिगत रुपरेखा

मधेश प्रदेशमा जलाधार व्यवस्थापन सम्वन्धी कार्यहरु राष्ट्रिय वातावरणीय र प्राकृतिक श्रोत नीतिहरु अन्तरगत संचालन हुँदै आएको छ । यसै मध्ये को एक प्रमुख कार्यक्रम राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति हो जो भौगर्भिक रुपमा कम्जोर चुरे क्षेत्रको संरक्षणमा केन्द्रित छ । चुरे क्षेत्र तराई मधेशको लागी मुख्य पानी भण्डारणको क्षेत्र हो । जलाधार व्यवस्थापन नीतिहरुले एकीकृत जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र दिगो भू उपयोग सम्वन्धी अभ्यासहरुलाई जोड दिने गर्दछ ।

सरकारी रणनीतिहरु पनि एकीकृत जलाधार व्यवस्थापनको अवधारणा सँग मिल्दोजुल्दो छ, जसले जल, जमिन र सम्वन्धित प्राकृतिक श्रोतहरुका समन्वयात्मक व्यवस्थापनलाई जोड दिएको छ । मधेश प्रदेश सरकारले समेत जनसहभागितामा आधारित जलाधारीय तत्वहरुको संरक्षण तथा व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणका पहलहरु मार्फत जलाधार व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

जलवायुजन्य समस्याहरुको न्यूनीकरणको लागि जलवायु उत्थानशिलतामा आधारित जलाधार व्यवस्थापनवाट अनुकूलन, समानुकूलन क्षमता बढाउदै उत्थानशिल तथा स्वच्छ जलाधार क्षेत्र पर्यावरणीय सन्तुलन कायम राख्न देशको मौजुदा नीतिगत, कानूनी र शासकीय व्यवस्थामा आधारित रही जलाधार क्षेत्रहरुको समग्र सुशासनको लागि तीन वटै तहका सरकार बिच समन्वय, सहकार्य र सह-अस्तित्वको अवधारण मार्फत संस्थागत र नीतिगत सुदृढीकरण गर्ने उदेश्यका साथ नेपाल सरकारले राष्ट्रिय वृहत् जलाधार व्यवस्थापन रणनीति, २०८० कार्यान्वयमा ल्याएको छ। जलाधार व्यवस्थापन सम्बन्धमा प्रदेश सरकारको छुट्टै नीति, रणनीति, ऐन, नियमावली भने छैन ।

## जलाधार व्यवस्थापनमा Gen z को महत्व

एकातिर मधेश प्रदेशमा युवा जनशक्तिको उच्च अनुपात छ, जसले न्मल श् लाई वातावरणीय व्यवस्थापनमा प्रमुख सरोकार वाला बनाउँछ । यी युवाहरु नयाँ प्रविधिहरुमा वढी अनुकुलित छन, समस्या समाधानमा नवीन छन र जलवायु परिवर्तनका असर हरु प्रति वढि सचेत छन् । अर्को तर्फ वर्तमानको बेरोजगारी, वाह्य बसाईसराई तथा वातावरणीय ह्रास जस्ता चुनौतीहरुको सामना पनि यिनै युवाहरुले बढि गरि रहेका छन् । दीर्घकालिन कतभधबचमकजष्द मार्फत संचालित कार्यक्रमहरुको दिगोपना, वातावरणीय जागरुकता र व्यवहारीक लचकता, हरित क्षेत्रमा रोजगारीका अवसरहरु तथा संरक्षणका अभ्यासहरुमा नवीनताको प्रभावकारी प्रयोगको लागि जलाधार व्यवस्थापन कार्यमा न्मल श् को सहभागिता महत्वपुर्ण छ ।

## Gen z केन्द्रित नीतिगत व्यवस्थाको लागि दिशानिर्देश

### १. युवा सहभागिता र समावेशीकरण

युवाहरुलाई जलाधारको उपभोक्ता, स्थानीय समितिहरु र योजना निर्माण तथा कार्यान्वयमा समावेश गराउन सक्ने जलाधार नीति तथा कार्यक्रम आजको आवश्यकता हो । यसले निर्णय प्रकृयामा युवाहरुको सहभागिता सुनिश्चित गर्दछ र सम्पादित कार्यको स्वामित्व लिन उनीहरुलाई अग्रसर गराउँदछ । स्थानीय जनसहभागितालाई जोड दिइ कार्यान्वयन भएको सफल नीतिहरुको प्रशस्त उदाहरणहरु छन् ।

### २. सीप विकास तथा क्षमता निर्माणः

युवाहरुलाई प्राविधिक तथा व्यवहारीक सीप सँग साक्षात्कार गराउन सकियो भने व्यवस्थापन कार्यको सफल प्रतिविम्व चाँडै अनुभूति गर्न सकिन्छ । न्क्ष् प्रयोग गरी सर्भे र नक्साँकन गर्ने, Climate Smart Agriculture को छनौट तथा भू-संरक्षणका नवीन प्रविधीहरुको कार्यान्वनले युवाहरुले रोजगारी पाउनुका साथै जलाधार व्यवस्थापनमा सक्रिय योगदान दिन सक्छन् ।

### ३. रोजगारी र हरित अर्थतन्त्रः

जलाधार व्यवस्थापनका कार्यहरु बेरोजगारी कम गर्न जीविकोपार्जनका अवसरहरुसँग जोडिएका हुन्छन् । Agroforestry र Organic Farming, नर्सरी व्यवस्थापन र वृक्षरोपण, पर्यावरण मैत्री उद्यमहरुको एकीकृत अभ्यासले वातावरण संरक्षण, रोजगारी तथा आर्थिक विकासको सम्भावना बढाउँछ ।

### ४. नवप्रवर्तन र प्रविधि प्रयोगमा युवाको नेतृत्वः

Gen z ले प्रयोग गर्न सक्ने डिजिटल उपकरणहरु, मोवाइल एप्लीकेसनहरु, तथ्याँकमा आधारित विश्लेषण तथा प्रोजेक्ट डिजाईनले जलाधार व्यवस्थापनको कार्यमा निवीनता ल्याउन सक्छ। यस्ता प्रविधिहरुलाई जलाधारीय तत्वहरुको अनुगमन गर्न, बाढीको पुर्वानुमान गर्न र भू-उपयोगको प्रभावकारी व्यवस्थापन गर्न प्रयोग .गर्न सकिन्छ ।

### ५. जलवायु परिवर्तत सचेतना कार्यक्रमः

यस्तो दिशानिर्देशले जलवायु परिवर्तन र यसका असरहरुको वारेमा युवाहरुमा चेतना जगाउन बढि फोकस गर्दछ । जलाधार सम्वन्धी विद्यालय शिक्षा कार्यक्रम, सामुदायिक अभियानहरुको लिईने युवा नेतृत्वको पहलले वातावरणीय उत्थानशिलता र दिगो अभ्यासहरुलाई प्रवर्द्धन गर्न मदत गर्दछ ।

### ६. सामाजिक समावेशीकरण तथा समानताः

यस सिद्धान्तले मधेश प्रदेशका सिमान्तकृत समूहका (दलित, मुस्लिम र पिछडिएका) युवाहरुको साथै युवा महिलालाई विशेष ध्यान दिन्छ। समावेशी नीतिहरुले श्रोत, प्रशिक्षण र अवसरहरुमा समान पहुँच सुनिश्चित गर्दछ।

### ७. सफल अभ्यासहरुको पुनरावृतिः

प्रदेशमा संचालित कतिपय कार्यक्रम तथा अभ्यासहरुको रेप्लीकेशनले जलाधार तथा पर्यावरण व्यवस्थापनको लागि कार्यान्वयन चरणमा युवाहरुको सहभागितालाई बढाउन सकिन्छ। चुरे संरक्षण, खोला किनार संरक्षण, क्षतिग्रस्त भूमी पुनर्उत्थान, बगर खेती लगायतका कार्यक्रमहरुमा युवाहरुलाई संलग्न गराउन सकिन्छ । भुमिगत जल पुनर्भरण, रन अफ हार्भेष्टिगँ ड्याम, खानेपानी तथा सिंचाई प्रणाली जडानका कार्यक्रमहरुमा नवीनतम प्रविधिको प्रयोग गर्न अवसर प्रदान गर्न सकिन्छ । यस्तै सिरहा र सप्तरी जिल्लाका युवाहरुलाई जस्तै अन्य जिल्लाहरुमा समेत जलवायु प्रतिरोधात्मक परियोजनाहरुको अनुकूलन योजना तयारी तथा सामुदायिक परि चालनको क्षेत्रमा अवसर प्रदान गर्न सकिन्छ। गैर-सरकारी संस्थाहरुले पनि दिगो जीविकोपार्जन र वातावरण संरक्षणको क्षेत्रमा कार्यक्रमहरु तय गरी युवाहरुलाई परिचालन गर्न सक्छन् ।

धेरै चुनौतीहरु छन्:

- Gen z समर्पित छुटै जलाधार नीतिको अभाव
- समित वित्तिय श्रोत र संस्थागत सहयोग
- सरकारी निकायहरु बीचको कमजोर समन्वयको अवस्था
- युवा विदेश पलायनको उच्च दर
- ग्रामिण क्षेत्रमा प्रविधिको प्रयोग तथा जलाधारीय महत्व वारे कमजोर सचेतना

अवको वाटो

- युवा संलग्नता लक्षित विशेष नीतिहरु तर्जुमा गर्ने ।

बाँकी पृष्ठ ३ मा


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# Gen z फोकस्ड नीति र मधेश......

- जलाधार व्यवस्थापन उपभोत्ता समितिहरुमा युवा कोटा निर्धारण गर्ने ।
- हरित उद्यमशिलताको लागि कोषको प्रवर्द्धन गर्ने ।
- विद्यालय शिक्षा पाठ्यक्रममा पर्यावरणको विषयलाई एकिकृत गर्ने ।
- अनुगमन तथा तथ्याँक संकलनको लागि डिजिटल उपकरणहरुको प्रयोग गर्ने ।
- सरकार, गैर-सरकारी संस्था तथा युवा संगठनहरु बीचको साझेदारीलाई सुदृढ पार्ने ।

## निष्कर्ष

मधेश प्रदेश जलाधार व्यवस्थापन कार्यमा युवा सहभागिताको महत्वलाई बुझेर थप समावेशी र दिगो दृष्टीकोण सहित अगाडी बढनु आजको आवश्यकता हो । न्भल श् सँग आविष्कार, सचेतना र सक्रिय संलग्नता मार्फत वातावरण संरक्षणमा चालक शक्ति वन्ने क्षमता छ । हालका नीति र कार्यक्रमहरुले केही अवसर र आधारहरु प्रदान गरे पनि युवाहरुको क्षमतालाई पूर्ण रुपमा उपयोग गर्न थप लक्षित रणनीतिहरुको आवश्यकता छ । त्यसैले अब न्भल श् लाई जलाधार व्यवस्थापनको कार्यमा एकीकृत नगरी मधेश प्रदेशले दीर्घकालीन रुपमा वातावरणीय दिगोपना र समाजिक-आर्थिक विकास दुवै हासिल गर्न मुस्किल छ ।

लेखक : बरिष्ठ जलाधार व्यस्थापन अधिकृत
वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश ।

# कमला नदीको अस्थायी बाँध....

अधिकारी चेतराज बरालले लगातारको वर्षाले संरचनामा क्षति पुगेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “निर्माण व्यवसायीले तत्काल डोजर प्रयोग गरी माटो हालेर बाँध पुनर्निर्माण गरेको छ र आवतजावत आंशिक रूपमा सञ्चालन गर्ने प्रयास भइरहेको छ ।”

हुलाकी राजमार्गअन्तर्गत पर्ने उक्त कमला नदी पुल निर्माण भने लामो समयदेखि हुन सकेको छैन । २०६८ जेठमा पप्पु-लुम्बिनी जेभीसँग २४ करोड ९१ लाख रुपियाँमा सो पुल निर्माणको ठेक्का सम्झौता गरिएको थियो । २०७१ मंसिरमै सम्पन्न हुनुपर्ने पुल हालसम्म पनि निर्माण हुन सकेको छैन ।-रासस

# एमआरपी कडाइप्रति व्यवसायीको आपत्ति

**खबर दर्पण समाचारदाता**
**वैशाख १४ गते, जनकपुरधाम**

अधिकतम खुद्रा मूल्य (एमआरपी) सम्बन्धी सरकारले हालै देखाएको कडाइप्रति व्यवसायीहरूले आपत्ति जनाउँदै निर्देशिका र चरणबद्ध कार्यान्वयनको माग गरेका छन् ।

व्यवसायीहरूको भनाइमा पर्याप्त छलफल, स्पष्ट कार्यविधि र आवश्यक प्रशिक्षणबिना गरिएको अनुगमन तथा कारबाही व्यवहारिक नभएको हो ।

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका सल्लाहकार मनिष रमन साहले सुरुमा दण्ड जरिवानाभन्दा सचेतनामूलक अभियानलाई प्राथमिकता दिनुपर्ने बताए । उनका अनुसार व्यवसायीलाई पहिले जानकारी, प्रशिक्षण र मार्गदर्शन दिई सक्षम बनाउनु आवश्यक छ र त्यसपछि मात्र कडाइपूर्ण अनुगमन गर्नुपर्ने हुन्छ ।

‘पहिले बुझाउने, सिकाउने र त्यसपछि मात्र कारबाहीतर्फ जानु उपयुक्त हुन्छ,’ उनले भने ।

साहले २०७५ सालदेखि एमआरपीसम्बन्धी विषय चर्चामा रहे पनि हालसम्म स्पष्ट कार्यविधि, मापदण्ड र व्यवहारिक निर्देशन अभाव रहेको उल्लेख गरे ।

विशेषगरी भारतबाट आयात हुने कपडालगायतका वस्तुमा एमआरपी निर्धारणबारे अझै अन्योल कायम रहेको उनको भनाइ छ।

उनले भारतबाट आउने धेरै वस्तुमा एमआरपी उल्लेख नभएको अवस्थामा नेपालमा कुन आधारमा मूल्य निर्धारण गर्ने भन्ने स्पष्टता नआएको भन्दै सरकारसँग प्रष्ट नीति आवश्यक रहेको बताए ।

सरकारले बजार अनुगमनलाई कडाइ गर्ने तयारी गरिरहे पनि व्यवसायी पक्षसँग समन्वय गर्दै चरणबद्ध कार्यान्वयन, पर्याप्त समय र स्पष्ट निर्देशिका उपलब्ध गराउनुपर्नेमा उनले जोड दिए ।


व्यवसायीलाई तयार नगरी सिधै कारबाहीमा जाँदा व्यवसाय सञ्चालनमा असर पर्ने र दीर्घकालमा व्यवसाय विस्थापनको अवस्थासमेत आउन सक्ने उनको चेतावनी छ ।


# कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बाँझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

औरही नगरपालिका,
महोत्तरी






मटिहानी नगरपालिका,
महोत्तरी



# कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बाँझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।



गौशाला नगरपालिका,
महोत्तरी



# पालिकाको स्थानीयलाई अनुरोध



-जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
-जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
-जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्दका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
-जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
-बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



-विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
-सम्बन्ध विच्छेद्दको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
-सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
-सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
-प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
-सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
-महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



-जथाभावी पार्किङ नगरी तोकिएको स्थानमा मात्र पार्किङ गरौं।
-गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
-महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

रामगोपालपुर नगरपालिका,
महोत्तरी

# जङ्गली बँदेलको आक्रमणबाट एक पुरुषको मृत्यु

जङ्गली बँदेलको आक्रमणबाट सर्लाहीको लालबन्दीमा एक पुरुषको मृत्यु भएको छ। लालबन्दी नगरपालिका-१५ पिडखोल्सा बस्ने ३२ वर्षका प्रेमबहादुर थिङ(दावा)को आक्रमणबाट मृत्यु भएको हो। बँदेलको आक्रमणबाट घाइते भएका थिङको उपचारका लागि महेन्द्र राजमार्गस्थित लालबन्दी लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए। प्रहरी टोलीले मध्यराति नै घटना स्थलको मुचुल्का तयार गरी शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवा पुऱ्याएको छ। जङ्गली बँदेलले खेतमा लगाएको मकैमा क्षति गरे पछि थिङ केही दिनदेखि मकै रेखदेशका लागि खेतमा बस्दै आएका थिए। -खबरदर्पण

# सीमा नाका र विमानस्थल भन्सार नीतिमा भेदभाव भएको दाबी गर्दै सर्वोच्चमा रिट

खबर दर्पण समाचारदाता
वैशाख १४ गते, बर्दिवास

नेपाल सरकारले नेपाल-भारत सीमा नाका र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत देश प्रवेश गर्दा लागू गरेको भन्सार नीतिमा भेदभाव रहेको दाबी गर्दै सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको मुद्दा दायर गरिएको छ।

अधिवक्ताहरू आमितेश पंडित, आकाश महतो, सुयोग्य सिंह र प्रशान्त विक्रम शाहले दायर गरेको रिटमा एउटै देशका नागरिकलाई प्रवेश बिन्दुको आधारमा फरक फरक भन्सार सुविधा प्रदान गर्नु संविधान प्रदत्त समानताको अधिकार विपरीत भएको जिकिर गरिएको छ।



रिट निवेदनमा नेपाल-भारत सीमा नाकाबाट प्रवेश गर्दा व्यक्तिगत प्रयोजनका लागि रु. १०० भन्दा बढी मूल्यका सामानमा भन्सार लाग्ने व्यवस्था रहेको तर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै प्रवेश गर्दा यात्रुले २५ ग्रामसम्म सुन, रु. दुई लाखसम्मको मोबाइल फोन तथा ३२ इन्चसम्मको टेलिभिजन भन्सार छुटमा ल्याउन पाउने नीति रहेको उल्लेख गरिएको छ।

उक्त व्यवस्था भौगोलिक आधारमा नागरिकबीच असमान व्यवहार भएको भन्दै मधेश र तराई क्षेत्रका नागरिकको दैनिक जीवन, आर्थिक स्वतन्त्रता तथा संवैधानिक समानताको हक हनन भएको रिटमा दाबी गरि एको छ।

निवेदकहरूले यस्तो विभेदकारी नीति तत्काल खारेज गरी सबै प्रवेश बिन्दुमा समान र न्यायोचित भन्सार व्यवस्था लागू गर्न अदालतसमक्ष आदेशको माग गरेका छन्।

सर्वोच्च अदालतले उक्त रिट दर्ता गरी प्रारम्भिक सुनुवाइका लागि प्रक्रिया अघि बढाएको बताइएको छ।

## पालिकाको स्थानीयलाई अनुरोध



- जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
- जन्मेको ३५ दिनभित्र आफ्नो स्थानीय निकायमा गई दर्ता गरौं।
- जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
- जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
- बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



- विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ।
- सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
- सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
- सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
- प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
- महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



- जथाभावी पार्किङ नगरी तोकिएको स्थानमा मात्र पार्किङ गरौं।
- गाउँपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
- महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

**मिथिला नगरपालिका, धनुषा**

योग एक प्राचीन अभ्यास हो। यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ।

**योगका फाइदाहरू**

- शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
- मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
- रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
- निद्रा सुधार गर्छ
- ध्यान केन्द्रित गर्न सहयोग गर्छ

**ध्यान दिनुपर्ने कुराहरू**

- खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
- शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
- दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
- नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
- सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
- यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :
**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा, जनकपुरधाम
मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,